आज मिति २०८१ ज्येष्ठ महिनाको २७ गते आईतबार दिउसो ५:३० बजे जिल्ला सरकारी वकिल कार्यालय लमजुङमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १९४ बमोजिम महान्यायाधिवक्ताको कार्यालयबाट कार्यदेश सहित गठित समितिका संयोजक जिल्ला न्यायाधिवक्ता पूर्णबहादुर थापामगर ज्यूको अध्यक्षतामा समन्वय समितिको वैठक बसी उपस्थिति तथा निर्णयहरु तपसिल बमोजिम रहेको छन् ।

## उपस्थिति

जिल्ला न्यायाधिवक्ता पूर्णबहादुर थापामगर – संयोजक

प्रमुख जिल्ला अधिकारी बुद्धबहादुर गुरुङ – सदस्य

डिभिजनल वन अधिकृत दिपकप्रसाद पण्डित – सदस्य

प्रहरी नायव उपरीक्षक मिनबहादुर घले – सदस्य

## आमन्त्रित सदस्यहरु:

स्रेस्तेदार भेषराज पौडेल

सहायक प्रमुख जिल्ला अधिकारी गोकर्णराज सुयल

वन अधिकृत सन्तोष खनाल

प्रहरी निरीक्षक थानेश्वर चपाई

नायब सुब्बा दमन ओली

प्रहरी नायव निरीक्षक बोलकुमार श्रेष्ठ

कम्प्युटर अपरेटर शान्ति गुरुङ

खरिदार सुनिता रायमाझी

कार्यालय सहयोगी शिलाकुमारी श्रेष्ठ

कार्यालय सहयोगी जगतबहादुर भाट

हलुका सवारी चालक मन्दिप श्रेष्ठ

प्रस्तावहरु:

१. महान्यायाधिवक्ताको कार्यालयबाट समय समयमा प्राप्त निर्देशन कार्यान्वयनको सम्बन्धमा

२. कैदीलाई प्रोवेशन तथा प्यारोलमा राख्ने मापदण्ड तथा प्रोवेशन तथा प्यारोलमा छुट्ने कसुरदारको पालना गर्नुपर्ने शर्तहरु, २०८० सम्बन्धमा

३. समितिले गरेका निर्णयहरुको जानकारी पठाउने सम्बन्धमा

निर्णयहरु:

१. महान्यायाधिवक्ताको कार्यालयबाट प्राप्त भईसकेको र यसपछि प्राप्त हुने निर्देशनको सम्बन्धमा जिल्ला सरकारी वकिल कार्यालयबाट सरोकारवाला निकायलाई जानकारी गराई समन्वय गर्ने

२. कैदीलाई प्रोवेशन तथा प्यारोलमा राख्ने मापदण्ड तथा प्रोवेश तथा प्यारोलमा छुट्ने कसुरदारले पालना गर्नुपर्ने शर्तहरु, २०८० ले गरेका विविध व्यवस्थाहरुका सम्बन्धमा छलफल गर्ने

३. समितिले गरेका प्रस्तुत निर्णयहरुको जानकारी महान्यायाधिवक्ताको कार्यालय, गृह मन्त्रालय, प्रहरी प्रधान कार्यालय र उच्च सरकारी वकिल कार्यालय पोखरामा पठाउने